संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-३
२०८१ जेठ ३ गते, बिहीवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:४३ बजे*
*बैठक स्थगित : ४:४७ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ४:४३ बजे प्रारम्भ भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको कारबाही प्रारम्भ भएको जानकारी दिँदै गर्दा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसन अगाडि उभिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेको विषयप्रति सरकारको ध्यानाकर्षण गराइसकेको बताउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिज्यूले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा संयुक्त सदनलाई सम्बोधन गरिसक्नुभएको र सम्बोधन पश्चात् सम्माननीय राष्ट्रपतिलाई धन्यवाद दिने हाम्रो अभ्यास रहेको बताउनुहुँदै प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूलाई बस्न आग्रह गर्नुभयो ।

त्यसपछि, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले आग्रह अस्वीकार गर्दै उभिइरहनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ ५ गते शुक्रवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव